नौमूले गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नौमूले, दैलेख

कर्णाली प्रदेश, नेपाल

## नौमूले प्राथमिक स्वास्थ्य केन्द्रको लागि आवश्यक जग्गा खरिद सम्बन्धी दरभाउपत्र आव्हानको सूचना

सूचना नं.०८...।०७६।०७७

**(प्रथम पटक प्रकाशन मिति: २०७६।०८।०४ गते)**

१. यस नौमूले गाउँपालिकाको नौमूले प्राथमिक स्वास्थ्य केन्द्र अन्तरगत थप पन्ध्र सैया अस्पताल बनाउनको लागि आवश्यक तपसिलमा उल्लेखित आसपास भित्र मालपोत कार्यालय दैलेखबाट आर्थिक वर्ष २०७६।०७७ को लागि प्रकाशित जग्गाको न्यूनतम मूल्यांकनको दररेटमा नबढ्ने गरि स्वास्थ्य केन्द्रलाई जग्गा बिक्रि गर्न इच्छुक व्यक्ति।संस्थाले देहायबमोजिमको शर्तहरूको अधिनमा रही रितपूर्वकको शिलवन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२. शिलबन्दी दरभाउपत्र फारमको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्बन्धित जग्गाधनि वा अधिकार प्राप्त प्रतिनिधिले जग्गाधनि प्रमाणपत्रको प्रतिलिपिमा स्वयं जग्गाधनिले प्रमाणित गरेको प्रतिलिपि थान १ , आ.ब. २०७६।०७७ सम्मको मालपोत कर चुक्ता गरेको प्रमाणित पत्र, सहित तपसिलमा उल्लेखित फारम दस्तुर (पछि फिर्ता नहुने गरी) निवेदन साथ पेश गरेपछि नियमानुसार शिलबन्दी दरभाउपत्र फाराम यस कार्यालयबाट उपलब्ध गराईनेछ ।

३. खरिद गरिएका दरभाउपत्र फारामको महलहरू स्पष्ट रूपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि १५ औं दिनको कार्यालय समयभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउँनुपर्नेछ ।

४. बोलपत्र फारम वापतको रकम यस कार्यालयमा नगद बुझाउनुपर्नेछ ।

५. तोकिएको समयभित्र दर्ता हुनआएका शिलबन्दी दरभाउपत्र फारामहरू यस कार्यालयमा दरभाउपत्रदाताहरू वा निजको प्रतिनिधिहरूको रोहवरमा १६ औं दिनको ११:०० बजे खोलिने छ तर निजहरूको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र फाराम दर्ता गर्ने र दरभाउपत्र खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरू विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६. दरभाउपत्र पूर्ण वा आंशिक रूपमा स्विकृत वा अस्विकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार कार्यलयमा निहित रहने छ । रित नपुगेमा र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन । दरभाउपत्र फारममा प्रत्येक आईटम दर अंक र अक्षरमा बुझिने गरि भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ ।

७. दरभाउपत्र सम्बन्धी अन्य शर्तहरू दरभाउपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८. शिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

९. यस सूचनामा उल्लेखित भएबाहेकका विषयहरूमा सार्वजनिक खरिद ऐन २०६३, (संशोधित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित), गाउँ कार्यपालिकाको निर्णयअनुसार हुनेछ ।

१०. बोलपत्र सम्बन्धी थप जानकारीका लागि गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**तपशिल:**

| शिलबन्दि बोलपत्र नं. | जग्गाको लागि निर्धारित स्थान (गाउँ कार्यपालिकाको निर्णयअनुसार) | आवश्यक परिमाण रोपनिमा | लागत अनुमान | शिलबन्दी दरभाउपत्र फाराम दस्तुर रू. | | कैफियत |
|---|---|---|---|---|---|---|
| ०८श।२०७६।०७७ | नौमूले प्राथमिक स्वास्थ्य केन्द्र सँग जोडिएको वा ५ नं. वडा कार्यालय भवनको आसपास | कम्तिमा ४ रोपनि वा सो भन्दा माथि | मालपोत कार्यालय दैलेखले आ.व. २०७६।०७७ को लागि निर्धारण गरेको प्रति रोपनि जग्गाको न्यूनतम मूल्यमा नवढ्ने गरी । | १०००।- | कन्टिजेन्सी वापतको रकम कूल लागतको ३ प्रतिशत । | |

........................................

प्रमुख प्रशासकिय अधिकृत

गणेश प्रसाद कोइराला

प्रमुख प्रशासकिय अधिकृत